"स्वस्च्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिंका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेष प्रदेश , नेपाल
फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## स्वयंसेवा गर्न चाहने युवाहरुको लागि सूचना।

(प्रकाशन मिति २०७९/०५/१३)

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं. २०७९/०८०, च.नं. ८७, मिति २०७९/०५/१२ गते को पत्र तथा राष्ट्रिय युवा परिषदको च.न १७१ मिति २०७९/०४/३० को पत्रानुसार राष्ट्रिय युवा परिषदले सामाजिक विकासका विभिन्न बिषय क्षेत्रमा स्वयंसेवा गर्न चाहाने युवाहरुको रोष्टर तयार गरि प्रदेश सरकार , स्थानियतह तथा सम्वन्धित संघ सस्था संगको समन्वयमा स्वयंसेवकको रुपमा परिचालन तथा व्यवस्थापन गर्ने कार्यक्रम रहेको हुँदा उल्लेखित कार्यक्रममा यस नगरपालिकामा बसोबास गर्ने युवाहरु इच्छुक भई संलग्न हुन चाहेमा यसै पत्र साथ संलग्न सुचना वमोजिम वा युवा परिषदको वेवसाइट NYC.gov.np मा गई आवश्यक डकुमेन्टहरु स्क्यान गरी अपलोड गर्नहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

रेवती प्रसाद पौडेल
प्रशासन अधिकृत (छैठौं)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

स्वयमसेवा गर्न चाहने युवाहरुको लागि सूचना (शाखा)　　मिति २०७९।४।३०

प.सं.:

आ.ब. २०७९।८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत यस राष्ट्रिय युवा परिषद् मार्फत समाजका कुनै क्षेत्रमा स्वयंसेवा गर्न चाहने युवाहरुलाई स्वयंसेवकको रुपमा कार्यगर्न व्यवस्थापन गर्ने तथा परिचालन गर्ने कार्यक्रम रहेको हुँदा स्वयंसेवा गर्न इच्छुक युवाहरुबाट दरखास्ता आह्वान गरिएको छ । स्वयंसेवा गर्ने आवेदन गरेका स्वयंसेवकहरुको रोष्टर तयार गरी प्रदेश सरकार, स्थानीयतह तथा सम्वन्धित क्षेत्रका संघसस्था निकायसँगको समन्वयमा व्यवस्थापन तथा परिचालन गरिने छ । स्वयंसेवा अबधीमा राष्ट्रिय युवा परिषद्बाट तलब तथा कुनै पारिश्रमिक उपलब्ध गराईने छैन ।

स्वयंसेवाका विषय क्षेत्रहरु:

स्वस्थ खाना तथा जंकफुड विरुद्धको अभियान,
लैङ्गिक हिंसा तथा जातीय बिभेद न्यूनीकरण,
लागूपदार्थ दुर्व्यसन विरुद्धको अभियान,
सार्वजनिक शिक्षा सवलीकरण,
पूर्वाधार विकास,
नागरिक शिक्षा र सचेतना
बन्यजन्तु तथा वातावरण संरक्षण,
सामाजिक कुरीति विरुद्धको अभियान
ट्राफिक सचेतना अभियान
कृषिमा आधुनिकीकरण र व्यवसायीकरण,भौतिक
विपद् व्यवस्थापन तथा पूर्वतयारी
परंपरागत सीप संरक्षण
स्वास्थ्य सम्बन्धी जनचेतना बृद्धि तथा चिकित्सा सम्वन्धि कार्य,
सूचना प्रविधि र अन्य सान्दर्भिक विषयहरू,

स्वयंसेवा गर्न चाहने आवेदकको योग्यता, आवेदन गर्न आवश्यक कागजात र आवेदन गर्ने प्रक्रिया

- आवेदक १६ वर्ष देखि ४० वर्ष उमेर समूह भित्रको युवा हुनु पर्ने छ ।
- जुनसुकै योग्यता भएका नेपाली नागरिकले स्वयंसेवाको लागि आवेदन दिन र स्वयंसेवा गर्न सक्ने छन् ।
- स्वयंसेवा गर्न चाहेको विषय क्षेत्रसँग सम्वन्धित अध्ययन तथा तालिम प्राप्तलाई प्राथमिकता दिइने छ ।
- आवेदन दिंदा नेपाली नागरिकताको फोटोकपीको प्रतिलिपी एक प्रति पासपोर्ट साइजको फोटो र माथिल्लो योग्यताको कुनै एक शैक्षिक योग्यताको प्रमाण पत्र आवेदन साथ संलग्न गर्नु पर्ने छ ।
- आवेदन गर्न युवा परिषद्को वेवसाइड NYC.gov.np मा राखिएको गुगल फर्म भरी आवश्यक डकुमेन्टहरुको स्वयानकपी सोही फर्मा अपलोड गर्नु पर्ने छ ।

वेबसाईट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (सूचना शाखा)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख) ☎: 6631276 (प्रशासन कक्ष)